स्थान: बैठक कक्ष

आज मिति २०८२/०७/१३ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

आर्थिक वर्ष २०८२/८३ कार्यपालिका बैठक संख्या: ०४ (चौथो)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सीं | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य [illegible] | श्री ~~पद्म बहादुर भुसाल~~ विष्णु प्रसाद आचार्य | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री प्रमोद खनाल | |

CamScanner

मिति: २०८२/०७/१६
आर्थिक वर्ष २०८२/८३ बैठक सङ्ख्या-४

बैठकका प्रस्तावहरु

१. आ.व २०८२/८३ को वार्षिक योजना तथा कार्यक्रम सम्बन्धमा,

२. मनसुनजन्य विपद् प्रभावित पुनस्थापना तथा पूनर्निमाण तर्फको बजेट माग सम्बन्धमा,

निर्णयहरू

४.१ चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमा मिति २०८२ साल भाद्र २३ र २४ गतेको Gen-Z आन्दोलनका कारण उपत्पन्न परिस्थितिलाई मध्यनजर गर्दा सङ्घीय समानीकरण अनुदान, सङ्घीय राजस्व बाँडफाँट वित्तीय समानीकरण अनुदान प्रदेश र राजस्व बाँडफाँट प्रदेश सरकार र स्वयम सन्धिखर्क नगरपालिकाको आन्तरिक राजस्व र अल्या हुने रकम समेत कम हुने सम्भावना देखिएकोले चालु आर्थिक वर्ष २०८२/८३ को लागि १८ औं नगर सभाबाट स्वीकृत वार्षिक नगर विकास योजनामा केही संशोधन गर्नुपर्ने देखिएकोले संशोधन हुने बजेट, योजना तथा कार्यक्रमको प्रस्ताव पेस गर्न प्रमुख प्रशासकीय अधिकृत श्री प्रमोद खनालको संयोजकत्वमा देहायका पदाधिकारीहरु रहेको कार्यदल गठन गर्ने,

देहायः

१. संयोजक श्री प्रमोद खनाल प्रमुख प्रशासकीय अधिकृत
२. सदस्य श्री मञ्जु खनाल वरिष्ठ प्रशासकीय अधिकृत
३. सदस्य श्री नवराज गौतम वरिष्ठ लेखा अधिकृत
४. सदस्य श्री हुम प्रसाद बञ्जाडे वडा अध्यक्ष ८ नम्बर वडा
५. सदस्य श्री श्रीधर महत्रा क्षेत्री वडा अध्यक्ष ६ नम्बर वडा
६. सदस्य श्री सिता बस्नेत कार्यपालिका संदस्य
७. सदस्य-सचिव श्री डिल कुमार के.सी कम्प्यूटर अधिकृत ।

४.२ मनसुनजन्य विपद् प्रभावित निजी आवास पूननिर्माण तथा पुनस्थापना अनुदान कार्यविधि, २०७७ बमोजिम नगरपालिका भित्रका विपद् प्रभावित सुचिकृत लाभग्राहीहरुको दोस्रो/अन्तिम किस्ता बापतको रकम उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समितिमा माग गर्ने,

४.३ आर्थिक वर्ष २०८२/८३ को वार्षिक नगर विकास योजनाको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गत सञ्चालन हुने गरी जोगिमारे आँपागैरा देखि हडाह हुँदै जुम्ली कुलाबाँधसम्मको ग्रामिण सडक स्तरोन्नति सनपा ११ मा रु १ करोड रकम विनियोजन भएकोमा उल्लिखित योजना कार्यान्वयनका सन्दर्भमा स्थानीयस्तरबाट योजना संशोधनका लागि माग भइ आएको माग भइ आएको संशोधित योजनामा नयाँ ट्र्याक निर्माण गर्नुपर्ने समेत देखिएकोले उल्लिखित कार्यक्रमबाट योजना कार्यान्वयन गर्दा नयाँ ट्र्याक निर्माण गर्न



CamScanner

नमिल्ने हुँदा नगर सभाबाट स्वीकृत जोगिमारे-आँपागैरा देखि हडाह हुँदै जुम्ली कुलाबाँधसम्मको ग्रामिण सडक स्तरोन्नति सनपा ११ नै कार्यान्वयन गर्ने,

४.४ सन्धिखर्क नगरपालिका भित्र बसोबास गर्ने असाहय, विपन्न नागरिकलाई आर्थिक सहायता उपलब्ध गराउने विषयमा वडा कार्यालयबाट सिफारिस गर्दा आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धि कार्यविधिको अनुसूचिमा उल्लिखित ढाँचामा निबेदन सहित आवश्यक कागजात संलग्न राखी उपचार गराएको अस्पताल र चिकित्सकको (Pricription) कार्ड संलग्न राखी आर्थिक सहायता उपलब्ध गराउन सिफारिस गर्ने ।